खडक नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कल्याणपुर, सप्तरी

मधेश प्रदेश, नेपाल

(पञ्जीकरण शाखा)

☎ ०३१-५४००५४

www.khadakmun.gov.np

ito.khadakmun@gmail.com

info@khadakmun.gov.np


पत्र संख्याः२०७९।०८०

चलानी नं.: १५२५

मितिः२०८०।०१।०६

**विषयः भर्ना तथा जन्मदर्ता सम्बन्धमा ।**

**श्री सामुदायिक तथा संस्थागत विद्यालय सवै,**

**खडक नगरपालिका, सप्तरी।**

प्रस्तुत विषयमा विद्यालयमा नयाँ विद्यार्थी भर्ना गर्ने क्रममा कतिपय विद्यालयहरुले जन्मदर्ता प्रमाण पत्र विनानै भर्ना गर्ने, वोलिचालिको नामको आधारमा भर्ना गर्ने, कक्षा वाहेक अन्य कक्षामा भर्ना गर्दा सर्टिफिकेट र जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि अनिवार्य रुपमा नलिने, वार्षिक परीक्षा फाराम र रजिष्ट्रेशन फाराम भर्ने समयमा सम्पूर्ण कागजात रुजु नगरीकनै फाराम भर्ने फरक परेपछि वडा कार्यालयमा जन्मदर्ता प्रमाण पत्र संसोधन गर्न पठाउने लगायतका क्रियाकलाप भएको साथै कतिपय विद्यालयले भर्ना गर्ने नाममा उमेर नपुगेका विद्यार्थीहरुको समेत भर्ना गरिदिने लगायतका कारणले समस्या सिर्जना भईरहेको हुँदा नयाँ विद्यार्थी भर्ना हुँदा र विभिन्न फारामहरु भर्दा तपशिलका कुरामा ध्यान दिनुहुन सूचित गरिन्छ ।

तपशिलः

१. विद्यालयले विधार्थीहरुको भर्ना गर्दा अनिवार्य रुपमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि, अभिभावकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेश गर्न लगाउने र अभिभावक उपस्थित गराइ हस्ताक्षर गर्न लगाउने ।

२. उमेर नपुगेको विद्यार्थीको भर्ना नगर्ने ।

३. वार्षिक परीक्षा फाराम र रजिष्ट्रेशन फाराम भर्दा विद्यार्थीले भरेको विवरण राम्रोसँग रुजु गर्ने ।

४. एक पटक जन्मदर्ता भएको वालबालिकाको जन्म दंर्ताको नाम र उमेर संसोधन गर्न नमिल्ने भएकोले नियमानुसार प्रतिलिपि मात्र पाउने व्यवस्था रहेकोले जन्मदर्ता संसोधन गर्न वडाकार्यालयमा जानुस भनि निर्देशन नगर्ने ।

५. विद्यालयहरुले भर्ना गर्दा प्रतिस्पर्धाका नाममा विना कागजात भर्ना नगर्ने ।

६. संसोधन गर्ने समयसिमा भित्रका सर्टिफिकेट, लब्धाङ्कपत्र जस्ता प्रमाणपत्रहरु विद्यालयमै सहजीकरण गरी संसोधीत प्रमाणपत्र जारी गर्ने ।

...................

हरेन्द्र कुमार श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

हरेन्द्र कुमार श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

१ श्री शिक्षा शाखा, खडक नगरपालिका कल्याणपुर सप्तरी - सबै विद्यालयहरुमा पत्राचार गरिदिनुहुन ।

२ श्री सूचना प्रविधि शाखा, खडक नगरपालिका, कल्याणपुर, सप्तरी - website मा upload गरिदिनुहुन ।